# नमुना सामुदायिक क्याम्पस विकास तथा सामुदायिक क्याम्पसका लागि सहयोग कार्यक्रम सञ्चालन मापदण्ड

# २०८२

**प्रस्तावना**

उच्च शिक्षाको गुणस्तर अभिवृद्धि , सुशासन प्रवर्द्धन, भौतिक तथा शैक्षिक पूर्वाधार विकास , अनुसन्धान र नवप्रवर्तनमा आधारित शिक्षण अध्ययनको विस्तार तथा श्रम बजारमुखी जनशक्ति उत्पादनका लागि सामुदायिक क्याम्पसहरूको संस्थागत क्षमता सुदृढ गर्नु आवश्यक भएकाले उत्कृष्ट कार्यसम्पादन गर्ने क्याम्पसलाई नमुना सामुदायिक क्याम्पसका रूपमा विकास गर्दै अन्य क्याम्पसका लागि प्रेरणाको केन्द्र बनाउने उद्देश्यसहित प्रभावकारी व्यवस्थापन गर्न **प्रदेश विनियोजन ऐन,२०८२** को दफा ११ (१) अनुसार सामाजिक विकास मन्त्रालयले **नमुना सामुदायिक क्याम्पस विकास तथा सामुदायिक क्याम्पसका लागि सहयोग कार्यक्रम सञ्चालन मापदण्ड २०८२** तयार गरी लागु गरेको छ ।

## परिच्छेद-१

## संक्षिप्त नाम र प्रारम्भ

(१) यस मापदण्डको नाम **"नमुना सामुदायिक क्याम्पस विकास तथा सामुदायिक क्याम्पसका लागि सहयोग कार्यक्रम सञ्चालन मापदण्ड २०८२"**रहेको छ।

(२) यो मापदण्ड स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२.परिभाषाः** विषय वा प्रसङ्गले अन्यथा अर्थ नलागेमा यस मापदण्डमा—

क) "नमुना "सहयोग कार्यक्रम" भन्नाले सामुदायिक क्याम्पसको विकासका लागि प्रदान गरिने आर्थिक , भौतिक तथा प्राविधिक सहयोग सम्झनुपर्छ।

ख) नमुना सामुदायिक क्याम्पस" भन्नाले मापदण्डको दफा ८ बमोजिम छनोट भएका सामुदायिक क्याम्पस सम्झनुपर्छ।

ग) "निर्देशनालय" भन्नाले शिक्षा तथा सामाजिक विकास निर्देशनालयलाई सम्झनु पर्दछ।

घ) “भौतिक पूर्वाधार विकास ” भन्नाले सामुदायिक क्याम्पसको शेक्षिक गुणस्तर अभिबृद्दिमा सहयोग पुर्याउन आवश्यक पर्ने न्युनतम् पुर्वाधार जस्तैः क्याम्पस भवन निर्माण ,प्रयोगशला निर्माण , प्रयोगशालाका लागि आवश्यक सामग्री, भवन मर्मत, कम्पाउण्डवाल, बस, पुस्तकालय एवं शौचालय निर्माणको लागि उपलब्ध गराईने वित्तीय सहयोगलाई जनाउँछ ।

ङ) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालयलाई सम्झनु पर्दछ ।

च) "मूल्याङ्कन तथा छनौट समिति" भन्नाले दफा ४ बमोजिमको समितिलाई सम्झनु पर्दछ।

छ) “सम्बन्धित निकाय” भन्नाले शिक्षा सम्बन्धी जिम्मेवारी पाएको मन्त्रालय , निर्देशनालय, वा सामाजिक विकास डिभिजन कार्यालय सम्झनुपर्छ।

ज) “सामुदायिक क्याम्पस ” भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई सम्बन्धित विश्वविद्यालयबाट सम्बन्धन प्राप्त प्रदेश भित्रका सामुदायिक क्याम्पस सम्झनुपर्छ।

झ) "सामाजिक विकास डिभिजन कार्यालय" भन्नाले यस मन्त्रालय मातहत जिल्लास्थित सामाजिक विकास डिभिजन कार्यालयलाई सम्झनु पर्दछ।

ञ) “सामाजिक परीक्षण” भन्नाले यस मापदण्ड बमोजिम कार्यक्रम सम्पन्न भएपछि संचालक समिति , स्थानीय तहका प्रतिनिधिहरु, शिक्षक, अभिभावक, विद्यार्थी तथा कार्यक्रमबाट प्रभावित जनसमुदायलाई कार्यक्रम संचालन भएको स्थानमा भेला गराई कार्यक्रमको आम्दानी , खर्च, निर्मित संरचना र खरिद भएका भौतिक वस्तुको सार्वजनिकिकरण गरी त्यस उपर उपस्थित व्यक्तिहरुको राय प्रतिक्रिया लिने कार्यलाई बुझाउँछ ।

**३.उद्देश्यः** यस मापदण्डका उद्देश्यहरू देहायबमोजिम हुनेछन्–

(क) उच्च शिक्षा प्रदायक संस्थाहरुको शैक्षिक, भौतिक तथा संस्थागत विकास गरी **नमुना सामुदायिक क्याम्पस**को रुपमा विकास गर्नु,

(ख) गुणस्तरीय, समावेशी र स्थानीय आवश्यकतामा आधारित उच्च शिक्षा प्रवर्धन गर्नु,

## परिच्छेद-२

## समिति गठन र समितिको काम, कर्तव्य र अधिकार

४. मुल्याङ्कन तथा छनौट समितिः (१) यस मापदण्ड बमोजिम नमुना सामुदायिक क्याम्पस र अन्य सामुदायिक क्याम्पस सहयोग कार्यक्रम सञ्चालनका लागि निर्देशनालयमा पेश भएका प्रस्तावहरुको मूल्याङ्कन गरी छनोट गर्न देहाय बमोजिमको समिति रहनेछः-

(क) महानिर्देशक,शिक्षा तथा सामाजिक विकास निर्देशनालय- संयोजक

(ख) योजना महाशाखा प्रमुख, सामाजिक विकास मन्त्रालय- सदस्य

(ग) अधिकृत प्रतिनिधि,मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- सदस्य

(घ) अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय- सदस्य

(ङ) अधिकृत, सामाजिक विकास मन्त्रालय- सदस्य

(च) अधिकृत, उच्च तथा प्राविधिक शिक्षा शाखा, शिक्षा तथा सामाजिक विकास निर्देशनालय- सदस्य सचिव

(२) समितिले आवश्यक ठानेमा बैठकमा बढीमा ३ जना विषय विज्ञलाई आमन्त्रण गर्नसक्नेछ ।

५. मुल्याङ्कन तथा छनौट समितिको काम , कर्तव्य र अधिकारः (१) दफा ४ बमोजिम गठन हुने मूल्याङ्कन तथा छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् ।

क) नमुना सामुदायिक क्याम्पसका लागि पेश भएका प्रस्तावहरुको अनुसूची १ को मापदण्डको आधारमा मुल्याङ्कन गर्ने ।

ख) सामुदायिक क्याम्पसबाट प्राप्त प्रस्तावहरु अनुसूची २ को मापदण्डको आधारमा मूल्याङ्कन गर्ने ।

ग) सामुदायिक क्याम्पसलाई नमुना सामुदायिक क्याम्पसको रुपमा विकास गर्न र अन्य क्याम्पसलाई पूर्वाधार विकास सहयोग उपलब्ध गराउन मापदण्ड बमोजिम सहयोग रकम निर्धारण गर्ने ।

घ) आवश्यकता अनुसार सम्भाव्य सामुदायिक क्याम्पसको स्थलगत अनुगमन गरी सत्यापन गर्ने ।

ङ) क्याम्पसलाई पूर्वाधार विकासका लागि छनोट गर्दा मापदण्डको अधीनमा भौगोलिक सन्तुलन समेतलाई ध्यानमा राखी छनौट गर्ने ।

च) सामुदायिक क्याम्पसहरुको छनोट गरी स्वीकृतिका लागि निर्देशनालयमा सिफारिस गर्ने ।

## परिच्छेद-३

## नमुना सामुदायिक क्याम्पस र अन्य सामुदायिकक्याम्पस छनोट सम्बन्धी व्यवस्था

६. नमुना सामुदायिक क्याम्पस विकासका लागि सहयोगका क्षे त्रहरुः यस मापदण्ड बमोजिम विकास हुने नमुना सामुदायिक क्याम्पसहरुको विकासका लागि निम्नानुसारका क्षेत्रमा प्रस्तावनामा आधारित भई वित्तीय सहयोग उपलब्ध गराइने छ,

क) विशिष्ट भौतिक संरचनाको निर्माण

ख) विद्यार्थीको सहज पहुँचका लागि यातायात सेवाको व्यवस्थापन

ग) नविन प्रविधिको प्रयोगका लागि ICT को व्यवस्था

घ) पढ्दै सिक्दै कमाउँदै कार्यक्रम सञ्चालन तथा व्यवस्थापन

ङ) रोजगार सेवा इकाइको स्थापना

च) विद्यार्थी समेतको सहभागितामा अनुसन्धान र नवप्रवर्तन

छ) अन्य नविन क्षेत्र भएमा

७. नमुना सामुदायिक क्याम्पस छनोटका लागि प्रस्ताव पेश गर्न आधारभुत शर्तहरुः (१) यस मापदण्ड बमोजिम नमुना सामुदायिक क्याम्पसको रुपमा छनोट हुन प्रस्ताव पेश गर्ने क्याम्पसहरुले देहायबमोजिमका आधार पुरा गरेको हुनुपर्नेछः

क) स्थापना भएको कम्तीमा ५ (पाँच) शैक्षिक सत्र पुरा गरेको,

ख) हिमाली जिल्लामा कम्तिमा ३००, पहाडी जिल्लामा कम्तीमा ७०० र तराईका जिल्लामा कम्तिमा १००० विद्यार्थी भएको,

ग) क्याम्पसको आफ्नै स्वामित्वको जग्गा भएको,

घ) विषयगत योग्यता पुगेका कम्तिमा ७० प्रतिशत पुर्णकालिन अध्यापक भएको, (हिमाली जिल्ला बाहेक)

ङ) आधारभुत पूर्वाधार भएको (पर्याप्त कक्षा कोठा, प्रशासनिक भवन वा कक्ष, विषय क्षेत्र सम्बद्ध ल्याब, सभाहल, चमेना गृह, न्यूनतम सूचना तथा सञ्चार प्रविधि पूर्वाधार, खेलमैदान)

च) कम्तिमा २ वटा संकाय सहित स्नातक तह र कम्तिमा १ संकायमा स्नातकोत्तर तह सञ्चालन गरेको, (हिमाली जिल्लामा बाहेक)

छ) औषत नतिजा हासिल गरेको,

ज) कम्तिमा १० प्रतिशत लागत सहभागिताको प्रतिवद्धता गरेको

**८.नमुना सामुदायिक क्याम्पस तथा अन्य सामुदायिक क्याम्पस छनोटका आधार र मापदण्ड:**(१) यस मापदण्ड बमोजिम नमुना सामुदायिक क्याम्पसको रुपमा छनोट हुन वा अन्य सामुदायिक क्याम्पसलाई पूर्वाधार विकास सहयोगका लागि छनोट गर्न क्रमशः अनुसूची १ र २ का आधार र मापदण्ड उपयोग गरिनेछ ।

९. प्रस्ताव आह्वान गर्नेः (१) निर्देशनालयले निश्चित समय तोकी नमुना सामुदायिक क्या म्पस विकास तथा अन्य सामुदायिक क्याम्पसलाई गुणस्तर अभिवृद्धि गर्न पुर्वाधार विकासको लागि प्रस्ताव पेश गर्न आह्वान गर्नेछ।

(२) प्रस्ताव पेश गर्ने सम्बन्धी सूचनामा प्रस्तावका साथ दफा ७ र ८ सँग सम्बन्धित कागजात र प्रमाण पेश गर्नुपर्नेछ ।

१०. प्रस्ताव सहित पेश गर्नुपर्ने कागजातः यस मापदण्ड बमोजिम नमुना सामुदायिक क्याम्पस र अन्य सामुदायिक क्याम्पसले अनुसूची ३ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नुपर्नेछ ।

(क) क्याम्पस संचालक समितिको निर्णयको प्रतिलिपि,

(ख) सम्बन्धित स्थानीय तहको सिफारिस पत्र,

(ग) लेखा परीक्षण तथा सामाजिक परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि,

(घ) क्याम्पसको न्युनतम् १०% लागत सहभागिता गर्ने प्रतिबद्धता,

(ङ) जग्गा धनी प्रमाणपुर्जा वा भोगाधिकार पत्र वा सम्झौता पत्र।

११. कार्यक्रम सञ्चालनका शर्तहरुः सामुदायिक क्याम्पसमा गुणस्तर अभिवृद्धिका लागि प्राप्त सहयोगको प्रयोग देहायका शर्तबमोजिम गर्नुपर्ने छः-

(क) मूल्याङ्कन तथा छनौट समितिबाट स्वीकृत भएको रकम जुन पूर्वाधार निर्माण गर्न सहयोग उपलब्ध गराइएको हो सोही क्षेत्रमा खर्च गर्नुपर्नेछ।

(ख) एउटै काममा दोहोरो स्रोत प्रयोग गर्न पाइने छैन, दोहोरो स्रोत प्रयोग गरिएको पाइएमा वा रकम अनियमित तवरले खर्च भएमा जिम्मेवार पदाधिकारीबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ र कारवाहीको लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ।

(ग) यस मापदण्ड बमोजिमका कामका लागि स्वदेशी तथा विदेशी दातृ निकायबाट आर्थिक सहायता /अनुदान प्राप्त गरेको भए खुलाउन लगाई विगत आ .व. हरुमा त्यस्तो अनुदान प्राप्त नगरेका संस्थाहरुलाई प्राथमिकता दिइनेछ ।

(घ) माथि उल्लिखित प्रावधानका अतिरिक्त पूर्वाधार विकास सहयोग प्राप्त गर्ने निर्दे शनालयले गर्ने सम्झौतामा उल्लिखित व्यवस्थाहरु यसै मापदण्ड बमोजिम भएको मानिनेछ ।

(ङ) क्याम्पसहरुले निर्माण तथा खरिद सम्बन्धी कार्य गर्दा सार्वजनिक खरिद ऐन , २०६३ तथा नियमावली, २०६४ पूर्णरुपमा पालना गर्नुपर्नेछ ।

१२. प्राविधिक सहयोगः सामुदायिक क्याम्पसको पूर्वाधार विकासका लागि प्राप्त सहयोग र साझेदारीको हिस्सा समेतबाट निर्माण हुने भौतिक पूर्वाधार निर्माणको लागत इस्टिमेट निर्माण गर्ने , नक्सा डिजाइन र रनिङ विल उठाउने एवम् कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने कार्य निर्देशनालय वा सामाजिक विकास डिभिजन कार्यालयबाट हुनेछ ।

१३. सम्झौता तथा भुक्तानी सम्बन्धी व्यवस्थाः (१) पूर्वाधार विकास सहयोगका लागि छनौटमा परेका क्याम्पसहरुसँग निर्देशनालयले वा सामाजिक विकास डिभिजन कार्यालयसँग सम्झौता गर्नुपर्नेछ ।

(२) सम्झौता भए पश्चात् कार्य सञ्चालनको लागि पेस्कीको रुपमा जम्मा रकमको एक तिहाइ, कार्यक्रम सञ्चालनको क्रममा कार्य प्रगतिको आधारमा दोस्रो किस्ता र कार्य सम्पन्न प्रतिवेदन पश्चात अन्तिम भुक्तानी गरी तीन किस्तामा निकासा दिन सकिनेछ ।

(४) कार्य सम्पन्न पश्चात् सम्वन्धित स्थानीय तहको प्रतिनिधिको उपस्थितिमा सामाजिक परीक्षण गरेको प्रतिवेदन, स्थानीय तहको सिफारिस , सामाजिक विकास डिभिजन कार्याल यको अनुगमन तथा प्राविधिक सुपरिवेक्षण समेतका आधारमा अन्तिम भुक्तानी निर्देशनालय वा सामाजिक विकास डिभिजन कार्यालयले गर्नेछ।

(५) क्याम्पसले आर्थिक ऐन, नियमावलीको प्रकृया पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

## परिच्छेद-४

## विविध

१४. अनुगमनः (१) सम्झौता अनुसारको पूर्वाधार विकासको अनुगमन मन्त्रालय, निर्देशनालय तथा सामाजिक विकास डिभिजन कार्यालयबाट हुनेछ ।

(२) सम्बन्धित स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइलाई अनु गमनका लागि अनुरोध गर्न सकिनेछ । शिक्षा विकास तथा समन्वय इकाइ वा स्थानीय तहको संयन्त्रबाट भएको अनुगमन प्रतिवेदनलाई अनुगमन प्रक्रियाको अङ्गका रुपमा समावेश गरिनेछ ।

१५. सामाजिक परीक्षणः कार्यक्रम सम्पन्न भएपछि जिम्मेवार समिति वा अधिकारीले समितिका पदाधिकारीहरु, स्थानीय तहका प्रतिनिधिहरु, शिक्षक, अभिभावक, विद्यार्थी तथा कार्यक्रमबाट प्रभावित जनसमुदायलाई कार्यक्रम सञ्चालन भएको स्थानमा भेला गराई कार्यक्रमको आम्दानी खर्च, कार्यक्रमबाट निर्मित संरचना र खरिद भएका भौतिक वस्तुको सार्वजनिकीकरण गरी त्यस उपर उपस्थित व्यक्तिहरुको राय , प्रतिक्रिया, टिप्पणी र सुझाव लिई सामाजिक परीक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१६. कार्यक्रमको जाँचपास तथा फरफारकः कार्यक्रमको जाँचपास र फरफारक निर्देशनालय वा डिभिजन कार्यालयबाट हुनेछ।

१७. प्रचलित कानून बमोजिम हुनेः यस मापदण्डमा उल्लेख भएको विषयको हकमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१८. मापदण्ड संशोधनः मन्त्रालयले आवश्यकता अनुसार यस मापदण्डलाई संशोधन गर्न सक्नेछ ।

अनुसूची-१

**नमुना सामुदायिक क्याम्पस मूल्याङ्कनका आधारहरु**

**दफा (८) सँग सम्बन्धित**

जिल्ला :-

क्याम्पसको नाम :-

ठेगाना :-

| क्र.सं. | विषयक्षेत्र | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | विगत ३ वर्षको औषत नतिजा<br>शून्य भएमा : ०, २५% सम्म भए ४, २६-५०% सम्म भए ८, ५१-७५% सम्म भए १२, ७५% भन्दा माथि भए १५ अङ्क | १५ | | |
| २ | पूर्णकालिन जनशक्ति ५० प्रतिशत भएमा ५ अंक र ७० प्रतिशत र सो भन्दा माथि भएमा१० अंक | १० | | |
| ३ | आफ्नै स्वामित्वको जग्गा भएमा १५, भोगाधिकार प्राप्त जग्गा भएमा १०, | १५ | | |
| ४ | तोकिएको न्युनतम संख्या भएमा ८, तोकिएको न्यूनतम संख्याको थप २५% भएमा १०, तोकिएको न्यूनतम संख्याको थप २६% - ५०% सम्म भएमा १२, तोकिएको न्यूनतम संख्याको थप ५१% भन्दा माथि भएमा १५, | १५ | | |
| ५ | दलित, मुस्लिम, जनजाति, मुक्त कमैया, कम्लहरी, अल्पसंख्यक जातिको विद्यार्थी संख्या प्रतिशत कूल विद्यार्थी संख्याको १०% सम्म भए ६, २०% सम्म भए ८, सो भन्दा माथि भए १० | १० | | |
| ६ | उपमहानगरपालिका भित्र भए ५, नगरपालिका भित्र भए ३, गाउँपालिका भित्र भए २, | ५ | | |
| ७ | लागत सहभागिता १०% भएमा ३ र सो भन्दा बढी भएमा ५ | ५ | | |
| ८ | अनुसन्धान र नवप्रवर्तन | ५ | | |
| ९ | क्याम्पसमा एक मात्र संकाय चलेको भए २, एकभन्दा बढी संकाय चलेको भए ५ | ५ | | |
| १० | स्नातक तह मात्र भए २, स्नातकोत्तर तहसम्म भए ५ | ५ | | |
| ११ | रोजगार सेवा इकाइ स्थापना भएको | ५ | | |
| १३ | सञ्चालक समितिको निर्णय र कार्यान्वयन | ५ | | |
| | जम्मा | १०० | | |

**नोटः नमुना सामुदायिक क्याम्पसको कार्यान्वयन कुनै पनि विश्वविद्यालयको आङ्गिक क्याम्पस नभएका जिल्लाबाट क्रमशः आरम्भ गरिनेछ ।**

**अनुसूची २**

**अन्य सामुदायिक क्याम्पस मूल्याङ्कनका आधारहरु**

**दफा (८) सँग सम्बन्धित**

जिल्ला :-

क्याम्पसको नाम :-

ठेगाना :-

| क्र.सं. | विषयक्षेत्र | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | विगत २ वर्षको औषत नतिजा<br>शून्य भएमा : ०, २५% सम्म भए ४, २६-५०% सम्म भए ८, ५१-७५% सम्म भए १२, ७५% भन्दा माथि भए १५ अङ्क | १५ | | |
| २ | पूर्णकालिन जनशक्ति ३० प्रतिशत भएमा ५ अंक र ५० प्रतिशत र सो भन्दा माथि भएमा १० अंक | १० | | |
| ३ | आफ्नै स्वामित्वको जग्गा भएमा १५, भोगाधिकार प्राप्त जग्गा भएमा १०, | १५ | | |
| ४ | विद्यार्थी संख्या हिमाल, पहाड र तराइमा क्रमश १५०, ३००, ५०० भए ७ अंक<br>हिमाल, पहाड र तराइमा क्रमश २००, ४५०, ७०० भए १० अंक<br>हिमाल, पहाड र तराइमा क्रमश ३००, ७००, १००० भए १५ अंक | १५ | | |
| ५ | दलित, मुस्लिम, जनजाति, मुक्त कमैया, कम्लहरी, अल्पसंख्यक जातिको विद्यार्थी संख्या प्रतिशत कूल विद्यार्थी संख्याको १०% सम्म भए ६, २०% सम्म भए ८, सो भन्दा माथि भए १० | १० | | |
| ६ | उपमहानगरपालिका भित्र भए २, नगरपालिका भित्र भए ३, गाउँपालिका भित्र भए ५, | ५ | | |
| ७ | लागत सहभागिता १०% भएमा ३ र सो भन्दा बढी भएमा ५ | ५ | | |
| ८ | प्रस्तावको गुणस्तर र आवश्यकताको प्राथमिकता | १५ | | |
| ९ | क्याम्पसमा एक मात्र संकाय र स्नातक तह मात्र चलेको भए ५, एकभन्दा बढी संकाय र स्नातक तहका अतिरिक्त कुनै संकायमा स्नातकोत्तर सम्म चलेको भए १० | १० | | |
| | जम्मा | १०० | | |

अनूसूची — ३

परियोजना प्रस्ताव फारम

दफा १० सँग सम्बन्धित

१. क्याम्पसको नाम :-

२. क्याम्पसको ठेगाना :-

३. जनशक्ति विवरणः (सबै प्रकृति खुल्नेगरी)

४. क्याम्पसको जग्गा विवरण:-

    १. लालपूर्जा भएको जग्गाको क्षेत्रफल:-

    २. भोगाधिकार भएको जग्गाको क्षेत्रफल:-

५. भौतिक अवस्था

    १. खेल मैदान:- (छ)    (छैन)

    २. कक्षा कोठा:- संख्या उल्लेख गर्ने

    ३. पठनपाठनमा प्रयोग भएका कक्षा कोठा संख्या:-

    ४. अन्य प्रयोजनमा प्रयोग भएका कोठा संख्या:-

    ५. अन्य कोठा:-

    ६. सभाहलः  (छ)    (छैन)

    ७. चमेनागृहः  (छ)    (छैन)

    ८. प्रयोगशाला:- (छ)   (छैन)    (असान्दर्भिक)

    ९. पुस्तकालय:- (छ)    (छैन)

    १०. कम्पाउन्ड वाल:- (छ)   (छैन)

    ११. शौचालय :   छात्र छात्राको लागि अलग अलग वा संयुक्त छ उल्लेख गर्ने

६. विद्यार्थी संख्या गत ३ वर्षको संकायगत र तहगतको अलग विवरण पेश गर्ने

७. विद्यार्थी नतिजा गत ३ वर्षको संकायगत र तहगतको अलग विवरण पेश गर्ने

| शैक्षिक सत्र | नतिजा |
|---|---|
| १. | |
| २. | |
| ३. | |

८. दलित, मुस्लिम, मुक्त कमैया,कम्लहरी,अल्पसंख्यक समुदायको विद्यार्थी संख्या :-

**माथि उल्लिखित विवरणको अतिरिक्त देहायको ढाँचामा प्रस्तावः(नमुना सामुदायिक क्याम्पसका लागि)**

१. क्याम्पसको संक्षिप्त पृष्ठभुमी
२. क्याम्पसका विविध पक्षको विश्लेषण (सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौति)
३. दुरदृष्टि, लक्ष्य, उद्देश्य
४. नमुना सामुदायिक क्याम्पस विकासको योजना
५. रणनीति र क्रियाकलाप
६. अनुसन्धान र नव प्रवर्तन
७. पारदर्शिता र जवाफदेहिता
८. अनुमानित लागत :-
९. क्याम्पसले व्यहोर्ने लागत सहभागिता रकम :-
१०. कार्यान्वयन योजना
११. अपेक्षित नतिजा उल्लेखः-
१२. जोखिमहरु उल्लेख गर्नेः-
१३. निष्कर्ष :-

**माथि उल्लिखित विवरणको अतिरिक्त देहायको ढाँचामा प्रस्तावः(अन्य सामुदायिक क्याम्पसका लागि)**

१. क्याम्पसको संक्षिप्त पृष्ठभुमी
२. क्याम्पसका विविध पक्षको विश्लेषण (सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौति)
३. दुरदृष्टि, लक्ष्य, उद्देश्य
४. माग गरिएको कार्यक्रमको नामः
५. अनुमानित लागत :-
६. क्याम्पसले व्यहोर्ने लागत सहभागिता रकम :-
७. कार्यान्वयन योजना
८. निष्कर्ष :-